सर्वोच्च अदालत, संयुक्त इजलास
सम्माननीय प्रधान न्यायाधीश डा. श्री मनोजकुमार शर्मा
माननीय न्यायाधीश श्री बालकृष्ण ढकाल

**आदेश**

०७८-RB-००९२

याक एण्ड यति होटल लि. ............................................................................पुनरावेदक

**विरुद्ध**

आन्तरिक राजश्व विभाग लाजिम्पाट काठमाडौं समेत ..............................................प्रत्यर्थी

मुद्दा: आयकर (२०७१/७२)।

यसमा नेपाल राजपत्रमा मिति २०८३।०२।१५ मा प्रकाशित सूचना अनुसार सामयिक कर असूल ऐन, २०१२ को दफा ३ दिएको अधिकार प्रयोग गरी जारी भएको आदेशको दफा ४६(१) अनुसार आयकर ऐन, २०५८ बमोजिम ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारणबाट कायम भएको आयकर रकम र सोको एक प्रतिशतले हुने थप रकम बुझाउन मञ्जुर भएको हुँदा प्रस्तुत मुद्दा फिर्ता लिन पाउँ भनी निवेदक/पुनरावेदक याक एण्ड यति होटलको तर्फबाट अधिकारप्राप्त श्याम डिकानीयाले यस अदालतमा निवेदन दिई सनाखतसमेत गरेको देखिंदा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ८३ बमोजिम प्रस्तुत मुद्दा फिर्ता लिन अनुमति प्रदान गरिएको छ। मुद्दाको दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाइदिनू ।

न्यायाधीश

प्रधान न्यायाधीश

इति सम्वत् २०८३ साउन ११ गते रोज २ शुभम्.................................................।